O७S-W0-0८SS

# श्री सर्वोच्च अदालतमा चढाएको

## निवेदन पत्र

विषय – उत्प्रेषण लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी सार्वजनिक न्याय पाऊँ ।

धनकुटा जिल्ला साविक मारेक कटहरे गा.वि.स. वडा नं. ९ परिवर्तित महालक्ष्मी न.पा. वडा नं. २ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३२ बस्ने बर्ष २८ को अधिवक्ता सविन पोखेल ९८४२४५७१९८ ..........१ } निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय, शितलनिवास, काठमाण्डौ..........१ } विपक्षी
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौ..........१

म निवेदक निवेदन बापतको दस्तुर साथै राखी देहाय बमोजमको निवेदन गर्दछु ।

१. म निवेदक अधिवक्ता विगत लामो समयदेखि सूचनाको हकसम्बन्धी अभियानमा संलग्न एक अभियन्ता, कानूनको शासन, आधारभूत मानव अधिकार, पारदर्शी शासन व्यवस्था, सार्वजनिक न्याय र स्वतन्त्र न्यायालय जस्ता लोकतन्त्रको मूलभूत विषयमा मेरो स्वभाविक सरोकार हुनुका साथै यस्ता कुरामा न्यायालयलाई सहयोग गर्नु मेरो कर्तव्य भएकोले विगतमा पनि यस्तो कार्यमा अदालतलाई सहयोग गर्दै आएको छु ।

२. विपक्षी नेपाल सरकारको मिति २०७९।११।०४ को सिफारिस भई विपक्षी राष्ट्रपतिको कार्यालय शितल निवासमा बस्ने महामहिम राष्ट्रपति ज्यूबाट नेपालको संविधानको धारा २७६ बमोजिम मिति २०७९।०१।३० गते सम्पन्न स्थानीय निर्वाचनका उम्मेदवारहरुलाई

मध्याेजेबाट
अधिवक्ता सविन पोखेल
व.का.नं. १३०३६

निर्वाचन आयोगले तोकेको जरिवानाको रकम माफी मिनाहा भएको व्यहोराको विपक्षी राष्ट्रपतिको कार्यालयको तर्फबाट मिति २०७९।११।०५ गते सहायक प्रवक्ता लीलाकान्त पौडेलको हस्ताक्षर परेको विज्ञप्ती प्रकाशित भएको रहेछ जो सरासर संवैधानिक प्रवधानको दुरुपयोग र न्याय व्यवस्थालाई ठाडै चुनौती दिने खालको स्वेच्छाचारी गैरकानूनी सिफारिस र निर्णय भएको हुँदा उत्प्रेषणको आदेशले बदर गरी सार्वजनिक न्याय प्रदान गरीयोस् भन्ने सम्बन्धमा थप निवेदन दाबी प्रस्तुत गर्दछु ।

३. संविधानको धारा २७६ भनेको राष्ट्रपति एक्लैले न्यायिक मनको प्रयोग गरी गर्ने अन्तिम न्यायिक अधिकार हो । यो कुनै तजबिजी र प्रशासनिक अधिकार हुँदै होइन । यो अधिकारको प्रयोग राष्ट्रपतिले कसैको सिफारिस, उक्साहट वा दबाब प्रभावमा गर्ने नभई स्वतन्त्र रुपमा बस्तुनिष्ठ आधार हेरी न्यायीक मनको प्रयोग गरी गरीने अधिकार हो । अन्तिम भई बसेको फैसला पछि प्राप्त कुनै तथ्य प्रमाणले न्याय तुहेको पुष्टि भए वा कुनै मुद्दा राजनैतिक र सामाजिक कारण युक्त भई राजनैतिक र सामाजिक सन्तुलन तथा सामान्जस्यका लागि त्यस्तो मुद्दाले लागेको सजाय माफि गर्न आवस्यक छ भन्ने वस्तुनिष्ठ रुपमा देखिएमा र दोषी/अभियुक्तले सजाय माफिको लागि राष्ट्रपति ज्यु समक्ष निवेदन पेश गरे महामहिम राष्ट्रपति ज्युबाट न्यायिक मनको प्रयोग गरी यो धारा बमोजिमको अधिकार प्रयोग गरी माफि, मुलतवी वा सजाय घटाउन सकिने संवैधानिक प्रावधान हो ।

४. यो धारा प्रदत्त न्यायिक अधिकार प्रयोग गर्दा राष्ट्रपति ज्युबाट उक्त मुद्दा वा निर्णयसँग सम्बन्धित पिडित छन् भने पिडितको समेत सहमति लिई, जनमत बुझ्ने लोकतान्त्रीक प्रक्रियाको सम्मान गर्दै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रक्रिया पुरा गरी पारदर्शी ढंगले सार्वजनिक सुनुवाई समेत गरी निर्णय गर्नुपर्ने स्पष्ट छ । तर मिति २०७९।११।०५ को निर्णयमा त्यस्तो कुनै प्रक्रिया अबलम्बन गरेको उल्लेख गर्न विपक्षीले सकेको छैन । त्यसमा पनि तथ्य प्रमाण र वस्तुस्थितिको आधारमा राष्ट्रपतिले न्यायिक मनको प्रयोग गरी गरिनुपर्ने न्यायिक अधिकारको प्रयोग गर्दा विपक्षी नेपाल सरकारको मिति २०७९।११।०४ को सिफारिस बमोजिम निर्णय गरेको उल्लेख गरिनु झन् घोर आपत्तिजनक र न्यायको मर्म विपरीत छ । न्ययिक काम कारबाही अर्काको सिफारिस, उक्साहट वा दबाब प्रभावमा गर्न मिल्दैन । साथै यो अधिकारको प्रयोग कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासनिक निकायले कसैको विरुद्ध आरोप किटान गरी सुनुवाई गरी गरेको निर्णय वा फैसलाले लागेको सजाय माफी दिन मुलतवी राख्न वा घटाउन वस्तुनिष्ठ प्रमाणले आवश्यक परेको बेला मात्र गर्न सकिन्छ । कुनै आरोप नलागी नलगाई बिलम्ब भए बापत सबैलाई समान रुपमा स्वतः लाग्ने जरिवाना माफी दिन पाउने यो प्रावधानको मकसद र अन्तर्राष्ट्रिय अभ्यास होइन । त्यसमा पनि यो धारा अन्तर्गतको अधिकार प्रयोग गरी कर, भन्सार महशुल वा बिलम्ब बापत स्वतः लाग्ने

जरिवानाहरु माफी मिनाह दिन मिल्दैन । दिएमा संवैधानिक प्रावधानको दुरुपयोग (Missuse) र कपटपुर्ण निर्णय (Colourable Decision) हुन्छ । यस्तो कपटपूर्ण निर्णयले न्याय व्यवस्थालाई नै चुनौती दिएको छ । त्यसमाथि राष्ट्रपतिको निर्णयमा धारा २७६ मा नभएको मिनाह समेत दिएको भनेर विज्ञसी प्रकाशित हुनुले विपक्षीहरुको उल्लेखित मिति २०७९।११।०४ को सिफारिस र मिति २०७९।११।०५ को निर्णय उत्प्रेषणको आदेशले बदर भागी छ ।

५. अतः माथि उल्लेखित तथ्य, प्रमाण र कानूनको मान्य सिद्धान्त बमोजिम विपक्षी नेपाल सरकारको मिति २०७९।११।०४ को सिफारिस र मिति २०७९।११।०५ को निर्णय नेपालको संविधानको धारा २७६ को अक्षर र भावना विपरीत भई संवैधानिक प्रावधानको गलत र कपटपूर्ण प्रयोग र निर्णय हुन पुगेको र यो विषय सार्वजनिक सरोकार निहीत भएको संवैधानिक व्याख्याको प्रश्न भएको र यसको निरुपणको लागि प्रभावकारी अन्य वैकल्पिक उपचार समेत नभएकोले उल्लेखित सिफारिस र निर्णय नेपालको संविधानको धारा १३३ (२) (३) बमोजिम उत्प्रेषण लगायत अन्य उपयुक्त आदेशले बदर गरी सार्वजनिक न्याय पाउँ भनी यस अदालतमा निहित असाधारण अधिकारको क्षेत्र गुहार्न आएको छु ।

६. रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म मिति २०७९।११।०५ को गैरकानूनी निर्णय/विज्ञसी लागु नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी न्याय पाउँ ।

७. हाल कानून व्यवसायी मुकरर गरेको छैन ।

८. यो रिट निवेदनसँग समानान्तर हुने गरी अर्को रिट निवेदन दर्ता गरेको छैन ।

९. निवेदन साथ देहायको कागजपत्र पेश गरेको छु -
क) मिति २०७९।११।०५ को विज्ञसीको प्रतिलिपी.......................................................१
ख) मेरो कानून व्यवसायीको परिचय खुल्ने परिचयपत्रको प्रतिलिपी.........................१

१०. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज अधिवक्ता सविन पोखरेल

ईति सम्बत् २०७९ साल फाल्गुण महिना ८ गते रोज २ शुभम्..........................................।

# राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन, महाराजगञ्ज
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनका उम्मेदवारहरुलाई निर्वाचन आयोगले तोकेको जरिबानाको रकम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/११/०४ को बैठकको सिफारिसमा नेपालको संविधानको धारा २७६ बमोजिम माफी मिनाहा भएको छ ।

२०७९ साल फागुन ५ गते शुक्रबार ।

(लीलाकान्त पौडेल)
सहायक प्रवक्ता

फोन नं. ०१-४४४६००२, ४४४६००३, ४४४६००४, ४४४६००७, ४४४६००८, ४४४६००९, फ्याक्स नं.: ९७७-१-४४१६४९५